भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्ष:- २०७९/८०
सूचना नं.:- ४८

## किसान सूचीकरण, कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क र वैयक्तिक विवरण संकलन/दर्ता अभियान सञ्चालन सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति :- वि.सं.२०७९/११/३० गते)

भूमे गाउँपालिका, रुकुम (पूर्व)को चालु आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम किसान सूचीकरण, कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्कका साथै नागरिकको वैयक्तिक विवरण संकलन/दर्ता अभियान मिति २०७९ चैत ७ गतेदेखि१३ गतेसम्म सञ्चालन हुने भएकाले घरपरिवारका सदस्यको सम्पूर्ण सक्कल कागजातहरुसाथ सम्बन्धित वडा कार्यालयमा उपस्थित भई अभियानलाई सफल पारिदिनुहुन अनुरोध छ ।

तथ्याङ्क/विवरण संकलन/दर्ताका लागि आवश्यक कागजातहरु:

१. स्पष्ट देखिने पासपोर्ट साइजको व्यक्तिगत फोटो १ प्रति ।
२. परिवारका सदस्यहरुको नेपाली नागरिकताको सक्कल प्रमाण-पत्र ।
३. जग्गाधनी दर्ता प्रमाणपूर्जाको सक्कल प्रमाण-पत्र ।
४. कृषि/पशुपन्छी/मत्स्य/बहुउद्देश्यीय फार्म दर्ता भएको भए सक्कल प्रमाण-पत्र ।
५. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ताको सक्कल प्रमाण-पत्र ।
६. गत आ.व.२०७८/७९को करचुक्ताको सक्कल प्रमाण-पत्र ।
७. जग्गा भाडामा लिएको भए सक्कल करार सम्झौता-पत्र ।
८. परिवारका सदस्यहरुको जन्म/विवाह/बसाईसराई दर्ता/शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र ।
९. तथ्याङ्क/विवरणहरु पुष्टि हुने अन्य कागजातहरु ।

२०७९/११/३०

............................ (विशाल पुन मगर)
ना.प्रा.स. (कृषि सेवा केन्द्र)

विशाल पुन मगर
ना.प्रा.स. (कृषि इकाई)

............................ (चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प.से.प्रा.- नारायण वली :- ९८६८६०८७२३, ९८१३४५२११८